Vangmaya
Vol. 22, No. 1: 116-125, July-August 2024
Central Department of Nepali, Kirtipur DOI: https://doi.org/10.3126/vangmaya.v22i1.85538

# *पर्खालभित्रको राजधानी* नियात्रासङ्ग्रहका निबन्धमा वैचारिकता

**शारदा खनाल***

## लेखसार

*प्रस्तुत लेख दामोदर पुडासैनीकृत पर्खालभित्रको राजधानी नियात्रासङ्ग्रहका निबन्धमा अभिव्यक्त वैचारिकताको अध्ययनमा केन्द्रित छ । कृतिभित्रका यात्रानिबन्धको वैचारिक पक्षलाई अध्ययनीय विषय बनाई त्यसैसम्बन्धी सैद्धान्तिक आधारमा प्रस्तुत लेख तयार गरिएको छ । कुनै पनि विषयमा गरिने गम्भीर चिन्तन वा सोचाइ नै विचार हो । पुडासैनीको प्रस्तुत नियात्रासङ्ग्रहका निबन्धमा मानवतावाद, पर्यावरण, जीवनदर्शन, धर्मसंस्कृति, सामाजिक बेथिति, महिलामैत्री तथा विज्ञानप्रविधिसम्बन्धी गम्भीर विचारहरू अभिव्यक्त भएका छन् । लेखकले यस कृतिमा मुस्ताङ जिल्लास्थित लोमन्थाङको पाँचदिने यात्राका क्रममा भएका सुखदुःखका अनुभूतिजन्य निजी विचारहरूलाई उन्नाइस वटा नियात्रामार्फत प्रस्तुत गरेका छन् । कृतिको अर्थापनका लागि सघन पाठविश्लेषण विधिसँगै विषय विश्लेषण विधिको प्रयोग गरी परिणाम निकालिएको हुँदा अध्ययन गुणात्मक प्रकृतिको छ । विवेच्य कृतिमा अभिव्यक्त वैचारिकतालाई मूल समस्या बनाएर त्यसको प्राज्ञिक समाधान खोज्न मानवतावादी, पर्यावरणसम्बन्धी, जीवनदर्शनसम्बन्धी, धर्मसंस्कृतिसम्बन्धी, समाजका बेथितिसम्बन्धी, महिलामैत्री तथा विज्ञानप्रविधिसम्बन्धी विचारजस्ता सूचकमा केन्द्रित भई यिनै सूचकसम्बन्धी विचार प्रस्तुत भएका सन्दर्भको खोजी गरी तिनकै आधारमा अध्ययन विश्लेषण गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ । विवेच्य कृतिमा उपल्लो मुस्ताङको पर्यावरण, प्राकृतिक सुन्दरता, विकासका नाममा भएका विभिन्न किसिमका विकृति, राज्यका जिम्मेवार व्यक्तिहरूबाटै भइरहेका गैरजिम्मेवार गतिविधि, सामाजिक र सांस्कृतिक अवस्थाले पारेका सकारात्मक र नकारात्मक प्रभाव, बहुपति विवाहका कारण महिलाले भोग्नुपरेका समस्या र समयसापेक्ष त्यसमा परिवर्तन हुनुपर्ने सामाजिक दृष्टिकोण, मानवले मानवसित गर्ने व्यवहार धार्मिक आस्थाका आधारमा नभई मानवीय हुनुपर्ने कुरा, विज्ञानप्रविधिको प्रयोग गरी गर्न सकिने लोमान्थाङका पर्यटकीय विकासका सम्भावना आदिलाई समेत प्रस्तुत गर्न खोजिएको निष्कर्ष प्राप्त भएको छ ।*

**शब्दकुञ्जी** : पर्यावरणवादी, मन, मस्तिष्क, मानवता, वैचारिकता ।

## विषयपरिचय

*पर्खालभित्रको राजधानी* नियात्रासङ्ग्रह दामोदर पुडासैनी 'किशोर' (२०१९) ले लेखेका हुन् । उनी नेपाली कविता र निबन्धका क्षेत्रमा स्थापित व्यक्तित्व हुन् । यसमा पुडासैनीले मुस्ताङ जिल्लाको उपल्लो मुस्ताङस्थित लोमन्थाङको पाँचदिने भ्रमणका क्रममा प्राप्त भएका विविध पक्षका अनुभूतिहरूलाई उन्नाइस वटा नियात्रामार्फत प्रस्तुत गरेका

* खनाल त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा उपप्रध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

छन् । उनले त्यहाँको प्रकृति, संस्कृति र जनविश्वासलाई यस सङ्ग्रहमा विषय बनाएका छन् । पुडासैनीका नियात्रामा भ्रमणस्थलका यथार्थको अनुभवजन्य चित्रण गरिएको हुन्छ । आफूले देखेका र भोगेका कुराहरूलाई निर्धक्क र स्पष्टसँग व्यक्त गर्नु, मानवतावादी विचार प्रस्तुत गर्नु, समाजका बेथितिहरू औँल्याइदिएर सुधारतर्फ सरोकारवालाको ध्यान आकृष्ट गर्नु, मनोरम प्रकृतिका विभिन्न पक्षको चित्रण र मानवीकरण गर्नु, धार्मिक, सामाजिक कुसंस्कार तथा अन्धविश्वासप्रति चोटिलो व्यङ्ग्य प्रहार गरी यस्ता कुरा हट्नुपर्ने दृष्टिकोण राख्नु, सन्दर्भअनुसारका उखानटुक्का र काव्यात्मक भाषाको प्रयोग गर्नु आदि पुडासैनीका निबन्धगत वैशिष्ट्य हुन् । उनका यी प्रवृत्तिलाई आधार बनाउँदा प्रस्तुत नियात्रासङ्ग्रहका निबन्धहरू वैचारिकताका दृष्टिले अध्ययनीय रहेका छन् ।

वैचारिकता विचारको प्रस्तुतीकरण हो । विचार र साहित्य दुवै मन र मस्तिष्कका उपज भएकाले साहित्यमा वैचारिकताको प्रस्तुति हुन्छ । वैचारिकता लेखकको सोचाइसित सम्बद्ध कुरा हो । लेखकले कृतिमा प्रस्तुत गर्ने विचार वैयक्तिक र सामूहिक दुवै किसिमका हुन्छन् । आफ्ना निजी तथा समुदायका विचारलाई लेखकले शब्दका माध्यमबाट प्रस्तुत गरी साहित्यरचना गर्ने हुँदा कृतिमा स्रष्टाका जीवनजगत् बारेका दृष्टिकोणहरू विचार बनेर प्रस्तुत भएका हुन्छन् । विचारको प्रस्तुतिको अवस्था र उपादेयताले नै कृतिलाई उच्चता प्रदान गरेको हुन्छ ।

प्रस्तुत लेखमा उन्नाइस वटा शीर्षकमा संरचित *पर्खालभित्रको राजधानी* नियात्रासङ्ग्रहका निबन्धमा केकस्ता विचारहरू प्रस्तुत भएका छन् र तिनको कृतिगत उपादेयता केकस्तो छ ? भन्ने प्राज्ञिक समस्या निर्धारण गरी त्यसैको समाधान खोज्ने काम गरिएको छ । प्रस्तुत सङ्ग्रहका निबन्धको विषयवस्तु र मानववादको प्रस्तुतिका कोणबाट अध्ययन गरिएको भए पनि वैचारिकताका कोणबाट अध्ययन नभएकाले यस क्षेत्रमा प्राज्ञिक रिक्तता देखिन्छ । यही रिक्तताको परिपूर्तिका निम्ति प्रस्तुत लेख तयार पारिएको हो । प्रस्तुत अध्ययनबाट मानवतावाद, पर्यावरण, जीवनदर्शन, धर्मसंस्कृति, समाजका बेथिति, महिलामैत्री र विज्ञानप्रविधिसम्बन्धी विचार प्रस्तुत भएका र उक्त विचारका माध्यमबाट लोमन्थाङ र त्यस वरपरको समाज र संस्कृतिको यथार्थ चित्रण गरी धर्मसंस्कृतिका नाममा भइरहेका विकृतिलाई अभिव्यक्त गर्न कृति सफल भएको छ ।

## अध्ययनको विधि र विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत लेख *पर्खालभित्रको राजधानी* नियात्रासङ्ग्रहका निबन्धको वैचारिकतासम्बन्धी अध्ययनमा केन्द्रित छ । अध्ययनसँग सम्बद्ध प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । विवेच्य कृतिलाई मूल वा प्राथमिक स्रोतको सामग्रीका रूपमा र वैचारिकतासँग सम्बन्धित पुस्तक, अनुसन्धानात्मक लेख, समीक्षा, शोधप्रबन्ध र उक्त कृतिमा यसअघि विभिन्न दृष्टिले गरिएका अध्ययनलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरी अध्ययन गरिएको छ । सङ्कलित सामग्रीको अर्थापनका लागि सघन पाठविश्लेषण विधिअनुरूप सूक्ष्म पठन गरी स्थापित सिद्धान्तका आधारमा विषय विश्लेषण गरिएकाले प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको छ ।

वैचारिकता अर्थात् विचारधारा मूलतः मार्क्सवादीहरूले विकास गरेको मान्यता हो । विचारहरू मस्तिष्कबाट उत्पन्न हुन्छन्, मस्तिष्क केन्द्र नै विचारहरूको माध्यम यन्त्र हो । मस्तिष्कको एक भागमा अनुभव, इच्छा, बुद्धि आदिको स्थान हुन्छ (खप्तडबाबा, २०६६, पृ. २०) । बुद्धि, विवेक आदिले जीवन र जगत्का बारेमा कुनै दृष्टिकोण निर्माण गर्दछन् । तिनै दृष्टिकोणहरू नै वैचारिकताअन्तर्गत पर्दछन् । विचारको प्रस्तुतीकरण नै वैचारिकता हो । मान्छेका इन्द्रियबोध र अनुभवद्वारा निर्मित ज्ञान नै विचारका रूपमा आउने भएकाले यही विचारले मानवजीवनको सन्तुलन तथा बोध गर्ने

क्रममा विचारधाराको निर्माण हुन्छ (ढकाल, २०७७, पृ. १३) । विचारहरू मस्तिष्कमा अत्यन्त छिटो छिटो उत्पन्न हुन्छन् । एक मिनेटमा ४८ देखि ५४ वटासम्म नयाँ विचार उत्पन्न हुने हुनाले (खप्तडबाबा, २०६६, पृ. २०) ती अनेक विषयका हुन्छन् भन्ने मानवशास्त्रीहरूको मान्यता छ । अनगिन्ती विषयमा विचार उत्पन्न हुने हुनाले वैचारिकता अत्यन्त व्यापक र सूक्ष्म विषय हो । मानिसले विभिन्न माध्यमबाट वैचारिकतालाई प्रस्तुत गरेको हुन्छ । लवाइखवाइ, हिँडाइ, बोलाइ, हाउभाउ, रहनसहन, जीवनशैली, सोचाइ, व्यवहारलगायत हरेक व्यक्तिगत आचरण र गतिविधिहरूका माध्यमबाट वैचारिकता प्रस्तुत भएको हुन्छ । 'विचार' शब्द मूलतः कुनै विषयमा गरिने गहिरो सोचाइ, गम्भीरतापूर्वक तथा संवेदनशील भएर मनन गर्ने काम, क्षमताले भ्याएसम्म मनमा राम्रोसँग सोचेर गरेको निर्णय, सिद्धान्त जस्ता अभिप्रायमा प्रयुक्त हुन्छ (ढकाल, २०५६, पृ. १) । साहित्य मन र मस्तिष्कको सम्मिलनबाट निसृत हुने र विचार मनबाट उत्पन्न हुने भएकाले साहित्यसँग विचारको अन्योन्याश्रित सम्बन्ध रहेको छ ।

साहित्य लेखनमा लेखकका मनका विचारहरू मस्तिष्कमार्फत व्यक्त हुन्छन् । लेखकका स्वतन्त्र विचार र चिन्तन प्रकट हुने, बुद्धि तत्त्वको सम्बन्ध हुने र गम्भीर विषयमा आधारित निबन्धलाई विचारात्मक निबन्ध भनिन्छ (गौतम, २०७६, पृ. ५१०) । साहित्यमा विविध विषयका विचारहरू आउन सक्छन् । जीवनको दीर्घ यात्रामा मानिसले जस्तो सांस्कृतिक पर्यावरण पायो, त्यसरी त्यसको प्रतीकात्मक, व्यङ्ग्यात्मक, विम्बविधानात्मक, लक्षणात्मक र अभिधात्मक रूपमा आफ्ना विचारहरूको अभिव्यक्ति दिँदै आएको छ (भण्डारी र दाहाल, २०६६, पृ. ख) । साहित्यिक कृतिमा प्रस्तुत भएका कतिपय विचारहरू वैयक्तिक किसिमका हुन्छन् भने धेरैजसो विचार परावैयक्तिक वा सामूहिक चेतनाका रूपमा प्रस्तुत भएका हुन्छन् । तार्किक शैलीका विचार/वाक्यहरूलाई उपयोग नगरेसम्म कुनै पनि निबन्धबाट दर्शनविषयक मान्यता प्रस्तुत हुन सक्दैन (अर्याल, २०५७, पृ. १०३) । यस भनाइबाट पनि निबन्धमा कुनै न कुनै विचार वा दर्शन आउनुपर्ने कुरा स्पष्ट भएको छ । यसर्थ नियात्रामा पनि लेखकले भ्रमणका क्रममा प्राप्त गरेका अनुभवबाट निर्मित वैचारिकतालाई आफ्ना कृतिमा अभिव्यक्त गरेको हुन्छ । यस आधारमा पर्खालभित्रको राजधानी नियात्रासङ्ग्रहका निबन्धमा प्रस्तुत वैचारिकताको अध्ययन गर्न सकिने देखिएको छ ।

प्रस्तुत लेखमा *पर्खालभित्रको राजधानी* नियात्रासङ्ग्रहका निबन्धमा प्रस्तुत लेखकका निजी विचारको खोजी गरिएको छ । दामोदर पुडासैनीले मानव, ईश्वर, धर्म, पर्यावरण, नारी, विज्ञान, समाज, संस्कृति बारेका आफ्ना विचारहरू यस कृतिमा प्रस्तुत गरेका छन् । यस लेखमा पुडासैनीले प्रस्तुत नियात्राकृति भित्रका निबन्धमा अन्तर्निहित निम्नलिखित विचारहरूको खोजी गरी अध्ययन विश्लेषण गरिएको छ :

## मानवतावादी विचार

*पर्खालभित्रको राजधानी* नियात्रासङ्ग्रहका निबन्धमा मानवतावादी विचार प्रस्तुत भएको पाइन्छ। पोखराबाट म्याग्दी हुँदै मुस्ताङ जाने क्रममा मुस्ताङका विभिन्नि स्थानमा भेटिएका मान्छेका गतिविधिहरू नियाल्दै उनले आफ्ना मानवीय भावनाहरू प्रस्तुत गरेका छन् । यी निबन्धमा धर्म, पाप, स्वर्ग, नरक, मोक्ष, पुनर्जन्म आदिका नाममा एउटा मान्छेले अर्कोमाथि गर्ने शोषण, दमन, उत्पीडन, तिरस्कार, थिचोमिचो जस्ता अमानवीय व्यवहारहरूको अन्त्य भई मानवले मानवका खातिर मानवीय व्यवहार देखाउनुपर्ने विचार व्यक्त गर्दै लेखकले यसरी प्रश्न गरेका छन्, बाँचुन्जेल बाआमालाई वास्ता नगर्ने मरेपछि भोज, गोदान, शैयादान, गर्नुको के औचित्य ? यदि पूर्वजको यादमा खुवाउने पियाउने हो भने भोका, नाङ्गा, अपाङ्ग र अशक्तलाई नदिई ब्राह्मणलाई नै खुवाउने ?" (पृ. १७८) । यस पङ्क्तिमा बाँचुन्जेल सेवा नगर्नेले मरेपछि केही गर्नुनपर्ने, गरे पनि गरिब, निमुखा र अशक्तलाई भोजन गराउनुपर्ने मानवतावादी विचार अभिव्यक्त

भएको छ। मान्छेले धर्मको खोल ओढेर अनेक खाले कुकर्म गर्दै आफ्ना स्वार्थहरू पूरा गरेका कुरा यस सङ्ग्रहका धेरैजसो निबन्धमा पाउन सकिन्छ। अध्यात्मवादलाई अहम् र स्वार्थको जालो मान्ने पुडासैनीले मानवको हित नगर्ने र मानवीय सहिष्णुतामाथि खलल पुऱ्याउने खालका चालचलनप्रति औँला ठड्याएका छन्। समय र प्रकृतिलाई सबैभन्दा बलवान् ठान्ने पुडासैनीले धर्मका नाममा हुने गरेका गलत प्रवृत्तिको अन्त्य हुनुपर्ने, अलौकिक शक्तिको प्रपञ्च रचेर सोझासाझा मान्छेलाई बलिका बोका बनाउन नहुने मानवतावादी विचार व्यक्त गरेका छन्। विवेकहीन यातायात व्यवसायी, देश हाँक्ने नेता र जनताले तिरेको करबाट तलब खाने राष्ट्रसेवक कर्मचारी जनताप्रति उत्तरदायी नहुँदा समाजमा दिनानुदिन मानवता ह्रास हुँदै गएको विचार व्यक्त गरेका छन्।

पुडासैनीले जात, धर्म, पेसा, रङ तथा भूगोलका साँधहरूले मान्छेलाई विभाजन गर्न नहुने, शरीरलाई कष्ट दिएर पुण्य नमिल्ने, उल्टै विभिन्न रोगहरू बल्झिने विचार प्रस्तुत गरेका छन्। उनले अन्धविश्वासमा होइन तर्क र यथार्थमा बाँच्न सके जीवन उज्यालो बन्ने, एउटा मान्छेले अर्को मान्छेलाई सहयोग गर्नुपर्ने, श्रम र श्रमजीवीलाई सम्मान गर्नुपर्ने, कुकर्म गर्नेहरूलाई कानुनको कठघरामा हाल्नुपर्ने कुरा उल्लेख गरेका छन्। पर्खाल व्यक्तिवादी सोच तथा स्वार्थको सहारा भएकाले जति ईर्ष्या, लोभ, मोह र अहङ्कार बढ्यो त्यति नै ठुला पर्खाल बन्ने हुँदा त्यस्ता पर्खाल ढालेर आत्मीयता, सद्भाव, हार्दिकता तथा सदाचारको वातावरण सिर्जना गरी असङ्ख्य मनहरूलाई जोड्ने पुल निर्माण गर्नुपर्ने अभिमत उनले यसरी व्यक्त गरेका छन् : "पर्खाल ठड्याउन लालायित बन्नुभन्दा किन आकर्षित बन्दैन मान्छे पुल निर्माण गर्न ? मन मनका पर्खालहरू ढालेर पुल जोडेको हेर्न रमाउँछु म" (पृ. १२६)। उद्धृत अंशमा पर्खालहरूले मानवीय मनलाई टाढा बनाउन नहुने मानवतावादी विचार अभिव्यक्त भएको छ। मान्छे ठाउँले भन्दा पनि स्वभाव र संस्कारले स्वार्थी बनेको तर्क प्रस्तुत गरेका छन्।

## पर्यावरणसम्बन्धी विचार

प्रकृतिका बहुविध रूपको चित्रण र मानवीकरण गर्ने पुडासैनीको *पर्खालभित्रको राजधानी* नियात्रासङ्ग्रहका निबन्धमा पर्यावरणसम्बन्धी विचारहरू प्रस्तुत भएका छन्। नियात्राकारले मुस्ताङ क्षेत्र नाङ्गो, जटिल, सौन्दर्यपूर्ण हुनुका साथै अनेकौँ सम्भावनाहरूको खानीसमेत रहेको उल्लेख गरेका छन्। उनले हिमाली सौन्दर्यको वर्णन, टलक्क टल्किने हिमशृङ्खलाले बादलको बर्को ओढेर बसेको, त्यसको तल नाङ्गा, खैरा पर्वतशृङ्खला रहेका र समग्रतामा प्रकृतिको सौन्दर्यतामा मोहनी रूप रहेकाले आफ्नो मनसमेत त्यतै तानिएको विचार प्रस्तुत गरेका छन्। प्राकृतिक सुन्दरताको विम्बका रूपमा रहेको उक्त अनुपम स्थान भौगोलिक विकटताका कारण सडकसँग भर्खर मात्र जोडिएको, तिब्बतसित जोडिएका जिल्ला सुरक्षा र सामरिक दृष्टिले अत्यन्त संवेदनशील रहेका हिमालहरू नाङ्गा धरातल मात्र नभई जादुका ज्योतिसमेत भएकाले संसारका सारा अनिष्ट र अभावहरू नाश गर्न सक्ने गोप्य सत्यता र शक्ति यिनमा रहेको तर्कसमेत प्रस्तुत गरेका छन्। "नियात्रामा पुडासैनीले विश्व मानव स्थिति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र स्थानीयताको सफल र मर्मस्पर्शी चित्रण गरेका छन्" (जोशी, २०७४, पृ. १०१)। जोशीको प्रस्तुत भनाइबाट पनि पुडासैनीका नियात्रामा विचारको विविधता भएको कुरा स्पष्ट भएको छ।

नियात्राकारले लोमन्थाङवासीको सुरक्षाकवचको रूपमा रहेको पर्खालको वर्णन गर्दै गाउँले जीवनका सबल र दुर्बल दुवै पक्षको चित्रण गरेका छन्। उनले पहाडका साँघुरा र कच्ची बाटामा यात्रा गर्दा मर्ने डरले जीवनको महत्त्व अझ बढेको बताएका छन्। उनले नीलगिरि, धवलागिरिजस्ता हिमशृङ्खलाहरूले लोमन्थाङको सौन्दर्य थपेको कुरा गर्दै छुक्साङ् र उपल्लो मुस्ताङका गुफाहरूको रहस्य तथा प्रतीकात्मकताको चर्चा गरेका छन्। हिउँ पर्ने चिसो मनोरम ठाउँमा

स्वदेशी, विदेशी पर्यटक र बौद्ध धर्मावलम्बीहरूको घुँइचो लागेको, उक्त ठाउँमा पुग्न एकै दिनमा चार वटा सवारी साधन फेर्नु मात्र होइन पैतालासमेत घोट्नुपरेका अनेकौं हन्डर झेल्नुपरे पनि कालीगण्डकीका छचल्का र नीलगिरि, धवलागिरिजस्ता हिमशृङ्खलाले गन्तव्यमा पुग्न ऊर्जा प्रदान गरेको उल्लेख गरेका छन् ।

नियात्राकारले रुप्से छहरा र नीलगिरिलाई  प्रेयसीका रूपमा सम्बोधन गर्दै पर्वतका चुचुरादेखि कालीका काखसम्म आफ्ना आँखाले छोड्न नमानेको चर्चा यसरी गरेका : "तिमी मेरा लागि संसारकै सर्वोच्च सङ्कल्प हौ, रुप्सेलाई साक्षी राखेर भनिदिएँ मैले मेरी रुप्सेलाई । पारिपट्टि अर्को मुस्कान छ नीलगिरिको, वारिपट्टि उत्साहका आँकुराहरू बर्सिइरहेछन् रुप्सेबाट" (पृ. २५) । यसरी प्रकृतिको मानवीकरण गर्दै रुप्से छहरालाई संसारकै उत्कृष्ट मानेको, चैलेको आँगनबाट आफूलाई जिस्काउने नीलगिरिलाई अँगालोमा बाँध्न मन लागेको, संसारभरि उज्यालो छर्ने उनको मधुर मुस्कानबाट आफू मात्र नभई सूर्यसमेत  लोभिएर लट्ठ परेको विचार व्यक्त गरेका छन् । त्यहाँको प्रकृति, जनजीवन र जीवनशैलीलाई नजिकबाट छाम्न पुगेका पुडासैनीले हिमाललाई उत्पादनका अनमोल खानी मान्दै, स्याउ र परम्परागत बालीनालीका उत्पादनमा मात्र केन्द्रित हुनुभन्दा पर्यटन व्यवसायका नयाँनयाँ तरिका अपनाएर अघि बढ्न सक्ने हो भने विकासले गति लिने विचार प्रस्तुत गरेका छन् । लोमन्थाङका प्राकृतिक र मानव निर्मित हजारौं गुफाहरूको वैज्ञानिक अध्ययनतर्फ ध्यान दिनुपर्ने विचार अभिव्यक्त गरेका छन् । पर्यटकका मन तान्ने यस्ता हिमशृङ्खलाका बस्तीहरू भिल्लका देशमा मणि बन्न पुगेका यथार्थप्रति दुखेसो व्यक्त गरेका छन् । घरैपिच्छे सुनौला माटाका पहाडजस्ता गुम्बाहरू भएको अनुभूतिसँगै एकाकार भएर आउने यस्ता प्राकृतिक/पर्यावरणीय विचारहरूले पनि पाठकको मन तान्न सफल भएका छन् ।

## जीवनदर्शनसम्बन्धी विचार

पुडासैनीको लेखनमा पाइने एउटा सशक्त पक्ष आशावाद तथा जीवनवादी दृष्टि हो । हजार पुस्तकको अध्ययनबाट भन्दा एउटा यात्राबाट धेरै ज्ञान प्राप्त हुने कुरा पुडासैनीले यसरी व्यक्त गरेका छन् : "सपना सुरु गर्नका लागि यात्रा गर्छु म । ज्ञानका लागि हजार पुस्तकभन्दा एउटा यात्रा काफी हुन्छ । हिमालतिर यात्रा गर्नु धेरै प्रतिस्पर्धा जित्नु हो" (पृ. क) । उद्धृतांशमा जीवनका उकालीओरालीले वास्तविक ज्ञान दिने कुरा गरेका छन् । लोमन्थाङलाई सिङ्गो संसारको प्रतीक मानेर अब संसार पर्खालभित्र अटाउन नसक्ने कुरा गर्दै यस्ता मानवतालाई खण्डित गर्ने अवरोधरूपी पर्खाल भत्काएर असंख्य मनहरूलाई जोड्ने पुल बनाउनुपर्ने विचार व्यक्त गरेका छन् ।

हिमाल उत्पादनका अनमोल खानी भएकाले परम्परागत बालीनालीबाट भन्दा पर्यटन व्यवसायबाट त्यहाँको अर्थतन्त्र बलियो हुने सम्भावना देखाइदिएर फरक तरिकाले आम्दानी गर्न प्रेरित गरेका छन् । उनले पहाडका अप्ठेरा कच्ची बाटामा थोत्रा गाडी चढेर यात्रा गर्दा मरिने डरले जीवनको महत्त्व अझ बढ्ने विचार यसरी व्यक्त गरेका छन् : "मृत्युनजिक पुगेपछि मोह बढ्दो रहेछ जिन्दगीको । मृत्युको तुइनमा झुन्डेर जीवन खोजिरहेछौं हामी" (पृ. १०) लेखकले यात्राका कष्टकर परिस्थितिको वर्णन गरे पनि आशाका अनेकौं सम्भावनाहरू औंल्याइदिएका छन् । पाप, धर्म, स्वर्ग, नरक, मोक्ष, पुनर्जन्मका नाममा हुने गरेका अन्याय, अत्याचार, शोषण, दमन, विकृति तथा विसङ्गतिहरूको अन्त्य भई मान्छेले मान्छेसँग मानवीय व्यवहार गर्नुपर्ने विचार प्रस्तुत गरेका छन् । अध्यात्मवादका नाममा रहेका ढोंगी प्रवृत्तिले मानवको हित नगर्ने हुँदा यस्ता गलत प्रवृत्तिको जरैदेखि अन्त्य गर्नुपर्ने धारणा व्यक्त गर्दै मन शुद्ध भए स्वयं आफैं भगवान् बुद्ध बन्न सकिने विचार प्रस्तुत गरेका छन् । उनले सजिलोमा भन्दा अनिश्चित र अप्ठेरोमा जीवनको सार्थकता मिल्ने, केही गर्नका लागि कि बहादुर कि मूर्ख हुनुपर्ने, जीवन पनि गाउँजस्तै हेर्न आनन्ददायी तर भोग्न कठिन हुने, दुःख

नभोगेको मान्छे र हावाहुरी नखेपेको रुख अठिलो हुन नसक्ने भएकाले ठुलो प्राप्ति खोज्ने मान्छेले खतरा मोल्न डराउनै नहुने विचार उल्लेख गरेका छन् ।

पुडासैनीले मान्छेलाई जात, धर्म, पेसा, रङ र भूगोलका नाममा विभाजन नगरी भाइचाराको विकास गर्नुपर्ने कुरा गर्दै मान्छेको चित्रभन्दा चरित्र र व्यक्तित्व ठुलो हुनुपर्ने, ग्रामीण क्षेत्रको धुलो पनि सहरको जस्तो प्रदूषित नहुने, जीवजन्तु र वनस्पतिलाई मान्छेले आफ्ना स्वार्थका लागि प्रयोग गर्न नहुने विचार प्रस्तुत गरेका छन् । उनले भगवान्का मनगढन्ते कुरा गर्दै मरेकालाई तार्न भनी जिउँदालाई मार्न नहुने, धार्मिकभन्दा प्राकृतिक पर्यटनबाट जीवन उज्यालो हुने, शरीरलाई दुःख दिएर पुण्य प्राप्ति नहुने चर्चा गरेका छन् । उनले जीवन हाँक्नु र गाडी हाँक्नु उस्तै उस्तै भएकाले कहिलेकाँही जोखिम मोलेर पनि अघि बढ्नुपर्ने विचार यसरी व्यक्त गरेका छन् : “जीवन हाँक्नु जस्तै हो गाडी हाँक्नु पनि । कहिलेकाहीँ जोखिम मोलेर भए पनि अगाडि नबढी सुख्खै छैन” (पृ. ८७) । प्रस्तुत अंशमा मान्छेको जीवन पनि भिरमा फलेको फर्सी जस्तै जोखिमपूर्ण हुने र जोखिम उठाएर पनि अगाडि बढ्नुपर्ने जीवनदर्शन उल्लेख गरेका छन् । सुखको खोजीमा हिँड्दा दुःखका काँडाहरूले घोँचिरहने, प्राकृतिक घटना र मानवीय सिर्जनालाई धार्मिक मिथक बनाउन खोज्दा जीवनको वास्तविकता बिरानो भइदिने, धामीझाँक्रीको विश्वास गरेर स्वास्थ्यमा खेलवाड गर्न नहुने, मान्छे स्थानले नभई स्वभाव र संस्कारले स्वार्थी बन्नेजस्ता उनका जीवनदर्शनसम्बन्धी विचारहरू प्रस्तुत भएका छन् ।

## धर्मसंस्कृतिसम्बन्धी विचार

*पर्खालभित्रको राजधानी* नियात्रासङ्ग्रहका निबन्धमा लेखकका धर्मसंस्कृतिसम्बन्धी विचारहरू प्रस्तुत भएका छन् । उनले मुस्ताङमा रहेका हिन्दु धर्मावलम्बीका मुक्तिनाथ, दामोदर कुण्ड र बौद्ध धर्मावलम्बीका अनेकौँ गुम्बाहरूका सन्दर्भ जोड्दै मान्छे धर्मको नाममा अन्धविश्वासका पछि लागेको विचार व्यक्त गरेका छन् । आफ्नै स्वास्थ्य तथा जीवनको ख्याल नगरी मनले सोचेको पूरा हुने अभिलाषामा धर्मको अपव्याख्या गर्दै सकीनसकी, खाइनखाइ, देवीदेवताका मठमन्दिर धाउने, भएनभएको सम्पत्ति उडाएर धर्म कमाउन कठिन यात्रा गर्ने गरेको विचार उनले यसरी व्यक्त गरेका छन् : “हिन्दुहरू शरीरलाई दुःख दियो भने धर्म हुन्छ भन्ठान्छन् । भगवान् भेट्न तीर्थव्रत त खुब गर्नुपर्छ भन्छन् । न खाने ठेगान हुन्छ न हिँड्ने र आराम गर्ने ठेगान नै” (पृ. ७९) । यस्ता चङ्गुलमा प्रायः विपन्न मान्छे बढी होमिने गरेका, शरीरलाई दुःख दिँदा पुण्य मिल्ने अन्धविश्वासको भर परेका विचार व्यक्त गर्दै मान्छे अध्यात्मका नाममा अन्धा बन्दै गएका, अध्यात्मप्रतिका ज्ञान र विश्वासलाई वैज्ञानिक पद्धतिअनुरूप प्रयोग गर्न नसकेका र अध्यात्मका ढोँग रची आफ्नै स्वार्थ सिद्धि गर्ने गरेका गलत प्रवृत्तिको पनि उनले चिरफार गरेका छन् ।

तिब्बतीसँग रहनसहन मिल्ने लोमन्थाङ बासीहरू बौद्ध धर्म मान्दछन् । त्यहाँका छोर्दे, जेम्पा, लाखाङ, थुक्चेन, ढाकारजस्ता बौद्धगुम्बाहरूले बौद्ध धर्म र संस्कृतिलाई जीवन्त बनाइराखेका छन् । पुडासैनीले लोमन्थाङ स्वयं गुफाहरूको राजधानी भएकाले त्यहाँका मानिसहरूले बालक जन्मेपछि नाभी गाड्ने कर्मदेखि मृत्युपछि अन्तिम संस्कारसम्मका सबै कर्महरू यिनै गुफामा गर्ने गरेका, मुस्ताङका प्राकृतिक र मानवनिर्मित गुफाहरूलाई आश्चर्यका गर्भ मान्दै तिनको वैज्ञानिक अध्ययन हुनुपर्ने र धर्मका नाममा कुनै अकर्मण्यताहरू हुन नहुने विचार बाटोमा भेटिएका तीर्थयात्रीहरूलाई यसरी व्यक्त गरेका छन् : “धार्मिक होइन प्राकृतिक पर्यटनमा हिँड्नुहोस् । अन्धविश्वासमा होइन तर्क र यथार्थमा बाँच्नुहोस् । त्यसले पो उज्यालो बन्छ जीवन” (पृ. ८१) उद्धृत अंशमा अन्धविश्वासी भएर धर्म कमाउन नहिँडी आँखा खोलेर प्राकृतिक यात्रा गर्दै यथार्थमा बाँच्ने हो भने जीवन यत्तिकै उज्यालो बन्ने बताएका छन् ।

दुःखी झन दुःखी र सुखी अझै समृद्ध हुँदै गएको देखेपछि त्यहाँका मान्छे आँखा चिम्लेर भगवान्को पछि दौडेको कुरा यसरी उल्लेख गरेका छन् : "दुःखीको भागमा झनझन दुःख र सुखीको संसारमा समृद्धि थपिएको देख्दादेख्दै पनि किन भगवान्को पछि लाग्छ मान्छे ?" (पृ. ७८) भन्दै लेखकले मन र व्यवहार पवित्र भए धर्म कमाउन कतै जानुनपर्ने विचार व्यक्त गरेका छन् । उनले जादु, टुनामुना, भाकल, धामीझाँक्रीका कुरा तथा कठिन यात्राले सिद्धि प्राप्त नहुने विचार उल्लेख गर्दै त्यहाँका गुम्बा, चैत्य, मूर्त-अमूर्त चित्रहरू, पाषाण मूर्तिहरू देख्न पाएपछि मान्छेले सिर्जना गर्न थाले होलान् भन्ने अनुमान गरेका छन् । नियात्राकारले भगवान् बुद्धप्रति आस्था राख्ने लोमन्थाङका हरेक चोकमा बुद्धका मूर्तिहरू, छोर्तेनहरू, मानेहरू, चैत्यहरू, हरेक छानामा बुद्धमन्त्र अङ्कित तोरणहरू रहेको उल्लेख गर्दै बहुपति प्रथा, झुमा राख्ने प्रथा, स्नानागार, शौचालय, मन्दिर, चर्च र मस्जिदका भित्ताहरूमा लेखिएका सङ्केतहरूले त्यहाँको इतिहास र धार्मिक-सांस्कृतिक रहस्य खोलेको चर्चा गरेका छन् । उनले तिब्बती संस्कार, संस्कृति, भूगोल र परिस्थितिका उपस्थिति, गुफाका रहस्य, माहिलो छोरो र माहिली छोरीलाई लामा बनाएर उनीहरूले नै पूजाआजा गर्ने परिपाटी चलाएका पक्षहरूलाई पनि यस नियात्रासङ्ग्रहका निबन्धमा प्रस्तुत गरेका छन् ।

## समाजका बेथितिसम्बन्धी विचार

पुडासैनीले *पर्खालभित्रको राजधानी* नियात्रासङ्ग्रहका निबन्धमा समाजमा देखिने गरेका बेथितिहरूलाई समेत प्रस्तुत गरेका छन् । उनले बेनीदेखि मुस्ताङसम्मको यात्रामा भोगेका र देखेका विभिन्न किसिमका बेथितिहरूलाई यसमा व्यक्त गरेका छन् । उनले यातायात व्यवसायीका दादागिरी, मृत्युरेखाजस्ता साँघुरा र कच्ची सडकहरू, सिन्डीकेटका कारण निजी गाडी लैजान नपाउने अवस्था र कानुनको पालना गराउने प्रहरीप्रशासनले नै सिन्डीकेटलाई प्रश्रय दिएको अवस्था, स्तरोन्नति नभइसकेका बाटामा जोखिम मोलेर हिँड्दा गाडीका चालक तथा सहचालकहरूले यात्रुप्रति गर्ने अमानवीय व्यवहार, आमा चकारेर गाली गर्ने निकृष्ट शैलीजस्ता सामाजिक बेथितिहरूलाई देखाएका छन् । यसै गरी उनले सोझासाझा जनतामाथि प्रशासनको पेलाइ, स्वास्थ्यका कर्मचारी अनपढ कार्यालय सहयोगीदेखि डाक्टरसम्म सबै डाक्टर बन्ने, सरकारी तलब खाएर पनि जनताको काम नगर्ने उल्टै नेतासँग मिलेर सरकारी रकम कुम्ल्याउने गरेको विचार यसरी व्यक्त गरेका छन् :

> कर्मचारी त हाजिरी कपि र तलबी भरपाईहरूमा मात्र नियमित हुन्छन् यस्ता दुर्गम जिल्लामा । कहिले तालिम, कहिले गोष्ठी, कहिले मन्त्रालय, कहिले विभाग गर्दैमा वर्षमा एक महिना पनि कर्मचारीको मुख देख्दैन जिल्लाले । सरकारले दुर्गम हिमाली जिल्ला भनेर बजेट विनियोजन गरेकै छ, कार्यालयहरूले मौकामै बिल भरपाई र आम्दानी खर्च गरेकै छन्, जनतालाई केही थाहा छैन, थाहा पाएका जनता र नेतालाई अलिअलि गुलियो चटाएर ठिक पारिहाल्छन् हाकिमहरूले । (पृ. २१७)

प्रस्तुत पङ्क्तिमा जनताको सेवा गर्न भनी खटिएका भ्रष्ट कर्मचारी र नेताहरूका गतिविधि सामाजिक बेथितिका रूपमा आएका छन् । उनले सरकारी रकम हिनामिना गरेर पनि नपुगेर सेवाग्राहीका कुखुरा, घिउ, मह, सुकुटी, यार्सागुम्बा सित्तैमा खान पल्केकाले सुगममा सरुवा हुन पनि नचाहने उल्टै दुर्गममा धेरै वर्ष बसेको भनी केन्द्रमा घुर्की लगाएर बढुवा हुने कर्मचारीका गलत प्रवृत्तिलाई उदाङ्गो पारेका छन् । महालेखा कार्यालय सरकारको हो वा कुनै दलको भन्नेसम्म थाहा नभएका सुरक्षाकर्मी, गुण्डाका प्रवक्ता जस्ता प्रहरी, खाल्डाखुल्डी सडकका कन्डिसन नभएका गाडीमा खाँदिएका मान्छे र मालसामान, यात्रुलाई सामान अड्याउने स्टान्ड बनाएको अवस्थालाई यसमा देखाइएको छ । उनले योगी र साधुका भेषमा आफ्ना स्वार्थ पूरा गर्दै समाजलाई भँड्खालोमा हाल्ने ढोँगीहरूका चर्तिकला, धर्म, अलौकिक

शक्ति, स्वर्ग र नरकका प्रपञ्च रचेर सोझा मान्छेलाई बलिका बोका बनाइएका सन्दर्भ, देउकी र झुमा सिर्जना गरेर स्वतन्त्रतापूर्वक जीवन जिउने अधिकार खोसी धर्मगुरु र समाजका ठुलाबडा भनाउँदाहरूले यौनशोषण गर्ने गरेका कुरा अभिव्यक्त गरेका छन् ।

पुडासैनीले गन्तव्य पछ्याउन नसकेको देशको राजनीतिक अवस्था, नेताहरूका नालायकी, प्रशासकले सेवाग्राहीलाई र धार्मिक क्षेत्रका मान्छेले भक्तहरूलाई हैरान पारेको अवस्थालाई कृतिमा यसरी व्यक्त गरेका छन् : "यो देशमा नेताले जनताको मानमर्दन गरेका छन् । प्रशासकले सेवाग्राहीको हुर्मत लिएका छन् । व्यापारी ग्राहकको सेवा होइन ठगी गर्न तम्सिएका छन् । धर्माधिकारीहरू नाटक रचेर भक्तहरूलाई बलात्कार गर्ने र उनका श्रीसम्पत्ति कुम्ल्याउँदै मख्ख परिरहेछन्" (पृ. ५७-५८) । जनताका नाममा जनताकै हुर्मत लिने नेताजस्ता चालक भन्दै नेताको विश्वास गर्न नसकिएजस्तै चालकको विश्वास नभएर पनि गाडी चढ्नुपर्ने बाध्यता, गलत कुराहरूलाई गम्भीरतापूर्वक नलिने प्रवृत्ति, पर्यटकलाई गाडीका चालक र होटल व्यवसायीले उपहासका पात्र बनाउने परिपाटी र देश लुटाहा तथा हेपाहाहरूका चपेटामा परेको अवस्थालाई पनि उनले देखाएका छन् । राजधानीका डनले पार्टी र नेता पाल्ने गरेका र बाहिरकाले प्रहरी, प्रशासन र शक्तिकेन्द्रलाई सुम्सुम्याउने गरेको उल्लेख गरेका छन् । जात, धर्म, पेसा, रङ तथा भूगोलका रेखाहरूले मान्छे मान्छेमा विभाजन ल्याएर विखण्डन निम्त्याएको, समाजलाई ढोंगी धर्मले सकस, जातले दकस र संस्कारले सुकाएर कक्रक्क पारेको, धर्मको अपव्याख्या गर्दै समाजमा वितण्डा मच्चाएको सन्दर्भलाई पनि यसमा जोडिएको छ । उनले निर्दोष मान्छेलाई बोक्सीको आरोप लगाएर दुःखी बनाएको अवस्थालाई पनि प्रस्तुत गरेका छन् । हत्या, हिसा, बलात्कार, दलाली, अपहरणजस्ता गलत क्रियाकलाप गर्नेलाई प्रशासनले कठघरामा हाल्न नसकेको, गाउँ जाँदा जसको घरमा खानेबस्ने गऱ्यो उनै मान्छे सहरमा आफ्नो घरमा पुग्दा नचिने जस्तो गरेर उल्टै गालीबेइजती गरेर पठाउने आफन्तका व्यवहारजस्ता सामाजिक बेथितिसम्बन्धी विचारहरू उल्लेख गरेका छन् ।

## महिलामैत्री विचार

महिलाप्रति गरिने विभेद, अन्याय, अत्याचार, शोषण, दमनका विरुद्ध आवाज बुलन्द गर्ने र उनीहरूप्रति सकारात्मक सोच राखी नरम व्यवहार गर्ने व्यक्ति वा लेखक महिलामैत्री हुन्छ । पुडासैनी पनि व्यावहारिक तथा लेखकीय दुवै जीवनमा महिलाहरूप्रति निकै उदार दृष्टिकोण राख्दछन् । उनले घरपरिवार, आफन्तदेखि चिनजान भएका र जीवनको यात्रामा एकाएक भेट भएर बोल्न पाएका महिलाहरूलाई समेत इज्जत गरेको पाइन्छ । प्रस्तुत नियात्रासङ्ग्रका निबन्धमा पनि उनले यात्राका क्रममा महिला पात्रहरू भेटेका र तुलनात्मक रूपमा पुरुष पात्रसँग भन्दा महिलाहरूसँगै भलाकुसारी, वार्तालाप र विचारको आदानप्रदान बढी गरेको पाइन्छ । बेनीबाट मुस्ताङ जाने बाटामा सँगै यात्रा गरेकी रूपसरा, मिस्टिक होटलकी कर्चुङ, एसएलसी पास गरेर क्याम्पस पढ्न काठमाडौँको यात्रामा निस्कन लागेकी सोनाम, लोग्नेले गल्ती गर्दा लोग्नेलाई नै कुट्ने धावा र पेमाढोमा सबैप्रति लेखकको आदरभाव तथा उच्च सम्मान रहेको पाइन्छ । त्यसै गरी यसमा प्रकृतिको मानवीकरण गर्ने क्रममा पनि प्राय महिलाकरण गरिएको छ ।

रुप्से छहरा, नीलगिरि हिमाल तथा समग्र लोमन्थाङको सौन्दर्यलाई मेरी प्रेयसी भनेर सम्बोधन गरिएको छ । यसै गरी लोमङ्थामा भएको बहुपति प्रथा र घरमा महिलाहरू सर्वेसर्वा भएको अवस्थाप्रति यसरी उनले सकारात्मक धारणा राखेका छन् : "यहाँ त महिला सर्वेसर्वा हो । घरको कमाइ सबै महिलाको हातमा, लोग्ने, छोराछोरी महिलाकै इशारामा, महिलालाई कसैले पनि प्रश्न गर्न पाइँदैन" (पृ. १५२-१५३) । उनले घरमा महिलाले शासन गरेको कुरालाई महत्त्वका साथ देखाएर महिलामैत्री विचार प्रस्तुत गरेका छन् । उनले झुमा र देउकी प्रथाले महिलाका स्वतन्त्रता कुठाराघात

भएको विचार यसरी व्यक्त गरेका छन् : "धनीमानीले अर्काकै छोरी किनेर पनि चढाइदिए मन्दिरमा । जिन्दगीभर विवाह र सांसारिक जीवनबाट टाढै रहनुपर्ने, जिन्दगीभरि भोक, प्यास, तृष्णा, इच्छा सबै मारेर मन्दिर ढुकिरहनुपर्ने एउटा सकसपूर्ण जिन्दगी रहेछ झुमाहरूको" (पृ. १९३) । उद्धृत अंशमा छोरीले आफ्ना इच्छाहरू मारेर त्यहाँका गलत प्रथाहरू मानिदिनुपर्ने विवशतालाई अभिव्यक्त गरिएको छ । एकातर्फ छोरीलाई देवीका रूपमा पूजा गर्ने गरेका छन् भने अर्कातर्फ सम्मान गर्ने नाममा यौनशोषण गर्ने गरेका कुरा उल्लेख गरी महिलाप्रति सहानुभूति राख्दै महिलामैत्री विचार प्रस्तुत गरेका छन् ।

## विज्ञानप्रविधिसम्बन्धी विचार

दामोदर पुडासैनीको *पर्खालभित्रको राजधानी* नियात्रासङ्ग्रहका निबन्धमा विज्ञानप्रविधिसम्बन्धी समयसान्दर्भिक विचारहरू पनि प्रस्तुत भएका छन् । यसमा एकातर्फ विज्ञानप्रविधिको विकास गरी पर्यटन व्यवसायलाई समुचित ढङ्गले सञ्चालन गरेर नेपालको अर्थतन्त्र बलियो बनाउन सकिने सम्भावनाका कुराहरू उठाइएको छ भने अर्कातर्फ स्वैरकल्पित संसारको रचना गरी भविष्यमा हुन सक्ने लोमन्थाङको प्राविधिक र आर्थिक विकासको परिकल्पनासमेत गरिएको छ । त्यस ठाउँलाई समुन्नत बनाउन त्यहाँ गर्नुपर्ने विकासको मार्गनिर्देशनसमेत गरिएको छ । पुडासैनीले साठी वर्षपछि दशतारे होटलको एकसय सोह्रौं तलामा पुगेको कल्पना गर्दै जापानमा सनवाथ लिइरहेका बेला आफ्नो देशको गुफामा डिनर खान मन लागेपछि आफ्नै देशको स्काई साइक्लोन नामक विशेष विमान झिकाएर तीन मिनेटमै जापानबाट लोमन्थाङ पुगेको स्वैरकल्पना गरी साठी वर्षमा विज्ञानप्रविधिका क्षेत्रमा कायापलट हुन सक्ने सम्भावनालाई यसरी देखाइएका छन् : "जापानको कान्साईको समुद्री लहरमा नाङ्गै सनवाथ लिइरहेका बेला एक्कासी उनलाई आफ्नै देशको स्काई साइक्लोन नामको विशेष विमान मगायौँ । त्यो लोमन्थाङबाट तीन मिनेटमा कान्साई एयरपोर्ट पुग्यो र अर्को तीन मिनेटमा लोमन्थाङ पुऱ्यायो" (पृ. २२४) । विश्वमै विज्ञानप्रविधिको द्रुत विकास भइरहेको आजको सन्दर्भमा नेपालमा पनि पुडासैनीले परिकल्पना गरेजस्तै दिनहरू आउन सक्ने र विकसित देशकै हाराहारीमा नेपाल पनि पुग्न सक्ने विचार स्पष्ट रूपले आएको छ ।

## निष्कर्ष

दामोदर पुडासैनीको *पर्खालभित्रको राजधानी* नियात्रासङ्ग्रहका निबन्धमा मुस्ताङ जिल्लाको पाँच दिने यात्रा विशेष गरी उपल्लो मुस्ताङ लोमन्थाङको भ्रमणका सिलसिलामा उनले प्रत्यक्ष रूपमा देखेभोगेका विविध पक्षका अनुभूतिहरू प्रस्तुत गरेका छन् । यस नियात्रासङ्ग्रहमा मानवतावाद, पर्यावरण, जीवनदर्शन, धर्मसंस्कृति, समाजका बेथिति, महिलामैत्री तथा विज्ञानप्रविधिसम्बन्धी विचारहरू प्रस्तुत भएका छन् । पुडासैनीले समाजमा रहेका बेथितिहरूलाई औँल्याइदिएर सरोकारवालाहरूको सुधारतर्फ ध्यान आकृष्ट गर्ने काम गरेका छन् । नियात्रामा प्रस्तुत यातायात व्यवसायीका दादागिरी, मृत्युरेखाजस्ता साँघुरा र कच्ची सडकहरू, सिन्डीकेटका कारण निजी गाडी लैजान नपाउने अवस्था, कानुनको पालना गराउनुपर्ने प्रहरीप्रशासनले नै सिन्डीकेटलाई प्रश्रय दिएको अवस्था, स्तरोन्नति नभइसकेका बाटामा जोखिम मोलेर हिँड्नुपर्दा गाडीका चालक तथा सहचालकहरूले यात्रुप्रति गर्ने अमानवीय व्यवहारसम्बन्धी प्रसङ्गमा समाजका बेथिति र मानवतावादी विचार अभिव्यक्त भएको छ ।

प्रस्तुत सङ्ग्रहका निबन्धमा धार्मिक, सामाजिक, सांस्कृतिक कुसंस्कार तथा रूढिजन्य अन्धविश्वासप्रति चोटिलो व्यङ्ग्य प्रहार गर्दै समाजबाट त्यस्ता कुसंस्कारहरू हट्नुपर्ने कुरामा जोड दिइएको छ । यस सङ्ग्रहमा विज्ञानप्रविधिको

समुचित विकास गरेर पर्यटन व्यवसायबाट नेपालको अर्थतन्त्र बलियो बन्ने सम्भावना देखाउनका लागि स्वैरकल्पित संसारको रचना गरी भविष्यमा लोमन्थाङमा हुनसक्ने प्राविधिक र आर्थिक विकासको रूपरेखा प्रस्तुत गरेका छन् । श्रमजीवी वर्ग र किसानहरूले श्रमको उचित मूल्य पाउनुपर्ने कुराको पक्षपोषण गर्दै मातृसत्तात्मक व्यवस्थाका केही सबल पक्षका माध्यमबाट महिलाका हकअधिकार स्थापित हुनुपर्ने विचार पनि प्रस्तुत गरिएको छ । धर्म, पाप, स्वर्ग, नरक, मोक्ष, पुनर्जन्म आदि मान्छेले मान्छेलाई शोषण, दमन, उत्पीडन र तिरस्कार गर्ने माध्यम हुन् भन्ने मानवतावादी विचार नियात्रामा प्रस्तुत छ । भिल्लका देशमा मणि बन्न पुगेको लोमन्थाङलाई सिङ्गो संसारको प्रतीक मानेर संसार पर्खालभित्र अटाउन नसक्ने हुँदा यस्ता पर्खाल भत्काउनुपर्ने विचार पनि यसमा अभिव्यक्त छ । हजार पुस्तकको अध्ययनबाट भन्दा एउटा यात्राबाट धेरै ज्ञान प्राप्त हुने विचार व्यक्त गर्ने पुडासैनीको प्रस्तुत नियात्रासङ्ग्रहका निबन्धमा मानवतावादी, पर्यावरणसम्बन्धी, जीवनदर्शनसम्बन्धी, सामाजिक बेथितिसम्बन्धी, धर्मसंस्कृतिसम्बन्धी, महिलामैत्री र विज्ञानप्रविधिसम्बन्धी विचारहरू अभिव्यक्त भएको निष्कर्ष प्राप्त भएको छ ।

## सन्दर्भ सामग्रीसूची


अर्याल, दुर्गाप्रसाद (२०५७). *निबन्धकार देवकोटाका दार्शनिक चिन्तन.* काठमाडौँ : उदय बुक्स प्रा.लि. ।

खप्तडबाबा (२०६६). *विचार-विज्ञान* (आठौँ संस्क.) काठमाडौँ : खप्तड आश्रम प्रकाशन समिति ।

गौतम, लक्ष्मण (२०७६). निबन्धका प्रकार. *रत्न बृहत नेपाली समालोचना* (सैद्धान्तिक खण्ड). राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.). काठमाडौँ : रत्नपुस्तक भण्डार ।

जोशी, कुमारीलक्ष्मी (२०७४). *पर्खालभित्रको राजधानी नियात्रा सङ्ग्रहको विधातात्त्विक अध्ययन.* स्नातकोत्तर शोधपत्र. नेपाली विभाग. पद्मकन्या बहुमुखी क्याम्पस ।

ढकाल, भूपति 'कमल' (२०५६). *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचारपक्ष.* पोखरा : जय नेपाल प्रकाशन ।

ढकाल, रजनी (२०७७). *समकालीन नेपाली कथामा वैचारिकता.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

ढुङ्गाना, शारदाकुमारी (२०७२). *दामोदर पुडासैनी 'किशोर' को नियात्राकारिता.* स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग ।

पुडासैनी, दामोदर (२०७३). *पर्खालभित्रको राजधानी.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भण्डारी, मोहनप्रसाद र दाहाल, भूमिप्रसाद (सम्पा.) (२०६६). *पूर्वीय चिन्तन परम्परा* (सम्पादकीय). काठमाडौँ : विद्यार्थी पुस्तक प्रा.लि. पृ. क-च ।